केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/१/०७३/७४ मिति: २०७३/०५/०८

**"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्न/गराउन हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

१. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७२ को बुँदा नं. १.९ अन्तर्गत रहेको व्यवस्थालाई उपबुँदा (१) कायम गरी देहायको व्यवस्था थप गरिएको छ :

*"२. आ.व. २०७३/७४ को मौद्रिक नीतिमा उल्लेख भएबमोजिम यस बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको थोक कर्जा प्रदान गर्ने लघुवित्त वित्तीय संस्थाहरुले २०७५ असार मसान्तसम्म न्यूनतम् चुक्ता पूँजी रु. ६० करोड कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।*

*३. उपर्युक्त बमोजिम थोक कर्जा कारोवार गरिरहिरहेका लघुवित्त संस्थाहरूले २०७५ असार मसान्तभित्र कायम गर्नु पर्ने न्यूनतम चुक्ता पुँजी समानुपातिक रूपमा वृद्धि गर्नका लागि स्पष्ट कार्यतालिका सहितको व्यावसायिक योजना/ पुँजी योजना (Capital Plan) मिति २०७३ भदौ मसान्तभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।*
*आ.व. २०७४/७५ को वित्तीय विवरण अनुसार प्रस्तावित बोनश सेयरलाई चुक्ता पुँजी गणना गर्ने प्रयोजनका लागि समावेश गर्न सकिने छ ।*

*४. यस बैंकवाट जारी गरिएका निर्देशनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपबुँदा नं. (२) मा उल्लेख गरे बमोजिम २०७५ असार मसान्तभित्र तोकिएको न्यूनतम चुक्ता पुँजी कायम नगर्ने लघुवित्त संस्थाहरुलाई देहाय बमोजिमको कारवाही हुनेछ :*
*(क) नगद लाभांश वा बोनस सेयर घोषणा तथा वितरण गर्न रोक लगाउने,*
*(ख) थप वित्तीय स्रोत संकलन गर्न रोक लगाउने,*
*(ग) कर्जा प्रवाह गर्न रोक लगाउने र*
*(घ) शाखा विस्तार गर्न रोक लगाउने ।*

*५. उप बुँदा नं. ३ मा उल्लिखित व्यवस्था अनुसार यस बैंकमा पेश गरिएको पुँजी योजना सम्बन्धित लघुवित्त संस्थाहरुले सर्वसाधारणको जानकारीको लागि आ-आफ्नो वेभसाइटमा प्रकाशन गर्नु पर्नेछ ।"*

२. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई मिति: २०७२/०४/२१ मा लघुवित्त संस्थालाई जारी गरिएको परिपत्र बै.वि.नि.वि./नीति/परिपत्र/घ/०२/०७२/७३ को बुँदा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

नं. २ र "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७२ को बुँदा नं. ३.२ को खण्ड "क", "ख", "ग" र "घ" लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"(क) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामुहिक जमानीमा लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य बढीमा तीन लाख रुपैया सम्म लघुकर्जा उपलव्ध गराउन सकिने छ । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा पाँच लाख रुपैया सीमा कायम गरिएको छ ।*

*(ख) नवीकरणीय ऊर्जा प्रविधि अन्तर्गत Solar Home Systems र/वा Bio-gas प्रयोजनको लागि प्रति परिवार बढीमा रु. दुई लाख सम्मको लघुकर्जा उपलव्ध गराउन सकिने छ ।*

*(ग) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य बढीमा रु. पाँच लाख रुपैयासम्म लघुकर्जा उपलव्ध गराउन सकिने छ । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा सात लाख रुपैया सीमा कायम गरिएको छ । बैंक तथा वित्तीय संस्था नभएका गा.वि.स.हरुमा लघुवित्त वित्तीय संस्थाहरुबाट स्वीकारयोग्य धितो लिई समूहमा आवद्ध भएका तथा नभएका व्यक्तिहरुलाई लघुउद्यम सञ्चालन गर्न रु. दश लाखसम्म कर्जा प्रदान गर्न सकिने छ ।*

*(घ) समुहमा आवद्ध नभएका विपन्न तथा न्युन आय भएका व्यक्तिलाई पर्याप्त धितो लिई बढीमा रु. तीन लाख सम्मको लघुकर्जा प्रदान गर्न सकिने छ ।"*

३. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७२ को बुँदा नं. २२.९ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"लघुवित्त वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को उद्देश्यलाई समेत सहयोग पुऱ्याउन रु. ३० लाख वा सोभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत् गर्नु पर्नेछ ।"*

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।